# पूरक वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०७१

पूरक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले, वातावरण संरक्षण ऐन, २०५३ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "पूरक वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०७१" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले वातावरण संरक्षण ऐन, २०५३ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले वातावरण संरक्षण नियमावली, २०५४ सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय सम्झनुपर्छ ।

(घ) "सम्बन्धित निकाय" भन्नाले प्रस्ताव कार्यान्वयन गर्ने विषयसँग सम्बन्धित मन्त्रालय सम्झनुपर्छ ।

(ङ) "पूरक वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले एकपटक वातावरणीय प्रभाव मूल्याङ्कन प्रस्ताव स्वीकृत भैसकेका प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार, डिजाईन, स्वरुप परिमार्जन गर्ने वा संरचना स्थानान्तरण गर्नु वा संरचना, वनक्षेत्र तथा रुख कटान संख्या थपघट गर्नुपर्ने वा आयोजनाको लागत, क्षमता वा क्षेत्र थपघट गर्न आवश्यक भई प्रस्ताव गरिएको थप वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रस्ताव सम्झनुपर्छ ।

**३. पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको लागि सम्बन्धित निकायमा आवेदन गर्नुपर्ने** : एक पटक वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत भैसकेको प्रस्तावमा कुनै कारणवस पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भएमा र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव नपर्ने भएमा प्रस्तावकले त्यस्तो परिवर्तन गर्नु परेको कारण र वातावरणमा पर्न सक्ने

असरहरुका बारेमा विश्लेषण गरी वातावरणीय परिसूचक बमोजिमको तुलनात्मक तालिका र अन्य आवश्यक पुष्ट्याँई सहित सम्बन्धित निकायमा आवेदन गर्नुपर्नेछ ।

४. **सम्बन्धित निकायले मन्त्रालयमा सिफारिस गर्ने** : दफा ३ बमोजिम पर्न आएको आवेदन जाँचबुझ गर्दा सो प्रस्ताव उपयुक्त र औचित्यपूर्ण देखिएमा सम्बन्धित निकायले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने अनुमतिका लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ ।

५. **पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न अनुमति दिने** : दफा ४ बमोजिम सिफारिस भई आएको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्तावका सम्बन्धमा देहायको आधार र अवस्थामा मन्त्रालयले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न अनुमती दिन सक्नेछ ।

(क) आयोजनाको कुनै भौतिक संरचनात्मक ईकाई विस्तार वा स्थानान्तरण गर्दा सो ईकाई स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित प्रभावित क्षेत्र (Impact Zone) भित्र पर्ने भएमा,

(ख) समग्रमा वातावरण र जैविक विविधतामा उल्लेखनीय प्रतिकूल प्रभाव नपर्ने भएमा ।

६. **प्रभावको क्षती न्यूनीकरण गर्नुपर्ने** : पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा वातावरणमा नकारात्मक असर पर्न सक्ने देखिएमा त्यस्तो प्रभावको क्षति प्रस्तावकले आफ्नै खर्चमा न्यूनीकरण गर्नुपर्नेछ ।

७. **पूरक विषय प्रतिवेदनमा समावेश गर्नुपर्ने** : कुनै पनि प्रस्तावको क्षेत्र निर्धारण र कार्यसूचि स्वीकृत भैसकेको र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन पेश भई नसकेको अवस्थामा प्रस्तावमा आउने परिवर्तन र प्रभावलाई समेत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समावेश गरी पेश गर्नुपर्नेछ ।

८. **स्वीकृति र अन्य प्रक्रियाहरुः** पूरक वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत गर्दा क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूचि स्वीकृत गराउने बाहेकका अन्य प्रक्रियाहरु ऐन तथा नियमावली बमोजिम नै हुनेछ ।

नेपाल सरकार
जनसंख्या तथा वातावरण मन्त्रालय
काठमाडौं